आज मिति २०८२ साल असोज २८ गते मंगलवारको दिन दिउसो १:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो ।

उपस्थिती:

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | शारदा |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| | आमन्त्रित | | |
| १ | भद्रबहादुर राई | प्रशासन शाखा प्रमुख | |
| २. | दिपेन्द्रकुमार राई | स्वास्थ्य शाखा प्रमुख | |

प्रस्तावहरु:

प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: ठुला आयोजना कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. ३: वडास्तरीय योजना संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ४: स्थायी पद दर्ता सम्बन्धमा ।

प्रस्ताव नं. ५: कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ६:याफु स्वास्थ्य चौकीको नाम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको HMIS/ DHMIS2 मा प्रविष्टि गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७: शोक प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. ८: राहत रकम उपलब्ध गराउने सम्बन्धमा ।

।

निर्णयहरु:

**प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।**

निर्णय: आर्थिक वर्ष २०८२/८३ को पाचौं बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा Gen-Z आन्दोलनले केहिहदसम्म प्रभाव पारी विशेष गरी पुर्वधार निर्माण सम्बन्धी आयोजनाहरु अघि बढाउन नसकेतापनि अन्य प्रशासनिक क्षेत्र सम्बद्ध भएका निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रहेको पाईयो ।

**प्रस्ताव नं. २: ठुला आयोजना कार्यान्वयन सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/०६/०५ गतेको खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी निर्णय तथा अर्थ मन्त्रालयको चं.नं. ११६ मिति २०८२/०६/०७ को निर्णय कार्यान्वयन गर्ने/ गराउने सम्बन्धमा भएको परिपत्र तथा आगामी दिनमा हुनसक्ने नेपाल सरकारको आधिकारिक निर्णयलाई मध्यनजर गर्दै अघिल्लो कार्यापालिका बैठकले लागत अनुमान स्वीकृत गरेको आयोजनाहरु क्रमश. संघिय विशेष अनुदान अन्तर्गतको बुधबारे कृषि बजार व्यवस्थापन निर्माण आयोजना र प्रदेश समपुरक साझेदारी अन्तर्गत को ५ नम्बर वडा कार्यालय भवन निर्माण आयोजना ठेक्का आह्वन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ३: वडास्तरीय योजना संचालन सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/०६/०५ गतेको खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी निर्णय तथा अर्थ मन्त्रालयको चं.नं. ११६ मिति २०८२/०६/०७ को निर्णय कार्यान्वयन गर्ने/ गराउने सम्बन्धमा भएको परिपत्रलाई कार्यान्वयन गर्दै सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम वडाका पूर्वधार निर्माण सँग सम्बन्धित तथा अन्य आयोजनाहरुलाई समयमै सम्पन्न गर्ने गरी खरिद प्रक्रियालाई अघि बढाउने सर्वसहमतिले निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ४: स्थायी पद दर्ता सम्बन्धमा ।**

प्रविण शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णयः प्रस्ताव नम्बर ४ का सम्बन्धमा छलफल गर्दा १७ औं गाउँसभाबाट स्वीकृत संगठन संरचना अनुसार स्थायी पद दर्ता गर्नका लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ऐन), २०८० को दफा ७ बमोजिम कार्य विवरण सहित प्रदेश किताबखाना कोशी प्रदेश बिराटनगरमा अनुरोध गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ५: कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

सार्वजनिक सेवा तथा क्षमता विकास समितिको मिति २०८२/०६/२८ गते बिहान बसेको बैठकले स्वीकृत रिक्त दरबन्दीमा करार सेवामा कर्मचारी विज्ञापन गरी पदपुर्ति गर्ने निर्णय सम्बन्धमा रिक्त क्रमश...सब इन्जिनियर-१ र असिस्टेन्ट सब-इन्जिनियर- १ मा, विज्ञापन गर्ने समितिको निर्णयलाई अनुमोदन गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ६:याफु स्वास्थ्य चौकीको नाम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको HMIS/ DHIS2 मा प्रविष्टि गर्ने सम्बन्धमा ।**

निर्णय:सिलीचोङ गाउँपालिकाको वडा नम्बर ५ स्थित याफु आधारभुत स्वास्थ्य केन्द्र मिति २०७६ सालबाट संचालन हुँदै आएकोमा संघिय मामिता तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत राष्ट्रिय किताबखाना मिति २०८०/१२/१३ को स्वीकृत दरबन्दी तेरिज अनुसार वडा नम्बर ५ मा याफु स्वास्थ्य चौकीको नाममा दरबन्दी तेरिज स्वीकृत भइ आएको तथा सिलिचोङ गाउँपालिकाको मिति २०८२/०३/१० गते देखि २०८२/०३/३१ गतेसम्म संचालन भई सम्पन्न भएको १७ औ गाउँ सभाले पनि संगठन तथा सर्वेक्षणमा किताबखानाले स्वीकृत गरेको दरबन्दीलाई स्वीकृत गरेको भएतापनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको HMIS/ DHIS2 प्रणालीमा उक्त दरबन्दी तेरिज अनुसार याफु स्वास्थ्य चौकीको नाम नभइ याफु आधारभुत स्वास्थ्य केन्द्र ( Yaphu Basic Health Care Centre ) कै नाम यथावत रहेको हुँदा उक्त आधारभुत केन्द्रको नाम स्वीकृत दरबन्दी तेरिज अनुसार श्री याफु स्वास्थ्य चौकी (Yaphu Health Post) नामकरण गर्नका लागि श्री स्वास्थ्य निर्देशनालय धनकुटा,कोशी प्रदेश र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाण्डौंमा अनुरोध गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ७: शोक प्रस्ताव सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ६ सम्बन्धमा छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. २ का निर्वाचित वडा सदस्य साविक बाला- ५ पेलुम्बा निवासी श्री पहलमान कुलुङ ज्यूको पुजनिय पिता श्री डिम बहादुर कुलुङ को वि.स. २०८२ साल असोज २५ गते शनिबार ७७ वर्षको दुःखद निधन प्रति शोक प्रस्ताव

पारित गर्ने तथा स्वर्गीय डिम बहादुर कुलुङको आत्माको चीरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ८ः राहत रकम उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ८ उपर छलफल गर्दा मिति २०८२/०५/२३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा साहदत हुनुभएका अमर सहिदहरु स्वर्गीय प्रविण कुलुङ र स्वर्गीय साजन मेवाहाङको परिवारलाई विपद राहत अनुदान शिर्षकबाट रु.५०,०००।- को दरले आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय पारित गरियो ।

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत